अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मितिः २०८१।१२।१५ गते।

प्रेस विज्ञप्ति

विषयः प्रतिवादी देवेन्द्रमणी त्रिपाठीसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः

प्रतिवादीहरु तत्कालीन प्रधानाध्यापक देवेन्द्रमणी त्रिपाठी र लेखापाल/कार्यालय सहायक असर्फी यादवलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ले निर्देश गरे बमोजिम ऐ.ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ङ)बमोजिम रु.७,८२,६५१।६० विगो कायम गरी सजाय हुन र ऐ.ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन,

विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरीएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८०।११।२२ को फैसलाबाट सफाई दिएको-ः

- प्रतिवादीहरुले रकम निकासा गरी व्यक्तिगत रुपमा लिए खाएको भन्ने नदेखिएको।
- प्रतिवादीहरुको बदनियतपूर्वक विद्यालयको रकम हिनामिना गरेको भन्न नमिल्ने।
- प्रतिवादीहरु उपरको आरोपदावी शंकारहित तवरमा पुष्टि हुन सक्ने अवस्था नदेखिएको ।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।१२।१५ मा पुनरावेदन गरीएको छः-

देहायः

क) अनिरुद्र माध्यमिक विद्यालयको विज्ञान प्रयोगशाला निर्माण नगरेको तथा खर्च भएको भनिएको रु.४८,३७,९३०।- रकम विद्यालय भवनमा समेत प्रयोग भएको भन्ने नदेखिएको अवस्थामा प्रमाण ऐन २०३१ को दफा २४ र दफा ५४ विपरित हुने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

ख) यशोधरा गाउँपालिका, कपिलवस्तुबाट आ.व. ०७५/०७६ को स्वीकृत कार्यक्रम अनुसार विज्ञान प्रयोगशाला व्यवस्थापनको लागि रु.६,५०,०००।- विद्यालयको खातामा निकासा भएको र रकम निकासा भइसकेपछि उक्त विद्यालयका तत्कालीन प्रधानाध्यापकले स्पष्ट आधार र विद्यालय व्यवस्थापन समितिको निर्णय बिना खर्च गरेको देखिरहेको अवस्थामा प्रतिवादीहरुलाई आरोपदाबीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

ग) प्रतिवादी देवेन्द्रमणी त्रिपाठीको अनुसन्धानको बयानको क्रममा विज्ञान प्रयोगशालामा खर्च भएको छैन भनी स्वीकार गरेको। भवन निर्माणमा खर्च भएको रकम मध्ये रु. ७,८२,६५१।६० को औचित्य पुष्टि गर्न नसकेको हुँदा प्रतिबादीहरुले हिनामिना गरेको बिगो निजहरुबाटै असुल उपर गरी सजाय गर्नुपर्नेमा अन्देखा गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल